Ref: N-08/013-015

## हार्दिक बधाई एवं शुभकामना

ब्यबस्थापिका संसदमा भएको निर्वाचनमार्फत् नेपाली काग्रेसका सभापति सुशील कोइराला नेपालको प्रधानमन्त्री पदमा निर्वाचित हुनुभएकोमा सम्पूर्ण गैरआवासीय नेपालीहरुका तर्फबाट श्री कोइरालालाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

उहाँको कार्यकालमा मुलुकले संविधान निर्माण प्रकृया सम्पन्न गरि राजनीतिक स्थायित्वको प्रकृया सुरु होस् भनी शुभकामना ब्यक्त गर्दछौं ।

मुलुक लामो समयसम्म जननिर्वाचित प्रतिनिधिबिहीन रहेको अबस्थालाई अन्त्य गर्दै श्री कोइराला नेपालको प्रधानमन्त्री निर्वाचित हुनु आफैमा सकरात्मक र सुखद् सन्देश हो । नेपाली जनताले चाहेको संविधान निर्माण भई आर्थिक-सामाजिक सम्बृद्धिको अभियान सुरु होस् भन्ने सवै गैरआवासीय नेपालीको चाहना रहँदै आएको छ । यो चाहना पुरा गर्न नेपालका सवै राजनीतिक दल एक जुट भई १ बर्षभित्रै संविधान जारी गर्नु नितान्त आबश्यक छ । यसमै मुलुकका सम्पूर्ण नागरिक र गैरआवासीय आवासीय नेपालीहरुको भलो निहीत छ ।

मुलुकमा आर्थिक र बौद्धिक लगानी भित्र्याई आर्थिक-सामाजिक सम्बृद्धिका लागि प्रयत्नरत गैरआवासीय नेपाली संघ बिगतमा झैं नयाँ सरकारसँग हातेमालो गरेर अघि बढ्ने बिश्वास दिलाउँदै नयाँ सरकारका प्रधानमन्त्री कोइरालालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।

शेष घले
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वय परिषद
गैरआवासीय नेपाली संघ ।

मितिः २०७० माघ २७ तदानुसार १० फेब्रुवरी २०१४